# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड५ )जनकपुरधाम,नेपाल, जेठ २६ गते,२०७८ साल(अतिरिक्ताङ्क ३

भाग २

प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## प्रदेश सरकार (कार्यविभाजन) नियामावली, २०७८

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नम्बर दुईको मन्त्रिपरिषद्ले

प्रदेश सरकारको कार्य विभाजनका लागि देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय लाई समेत जनाउँछ।

(ख) "मन्त्री" भन्नाले मुख्यमन्त्री र मन्त्रीलाई सम्झनुपर्छ र सो शब्दले स्वतन्त्र रुपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री लाई समेत जनाउँछ ।

३. **मन्त्रालयः** प्रदेशमा अनुसूची -१ मा उल्लेख भए बमोजिम मन्त्रालय हुनेछन् ।

४. **कार्यसम्पादनः** प्रदेश सरकारको कार्यसम्पादन नियम ३ मा उल्लेख भए बमोजिमका मन्त्रालयहरुबाट हुनेछ ।

५. **कार्यविभाजनः** (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रिपरिषद्‌ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काम हेरफेर गर्न सक्नेछ ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक वा एकभन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ ।

(४) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काममध्ये केही कामा आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ ।

तर सम्बन्धित मन्त्री प्रदेशमा नरहेको अवस्थामा निजको काम कुनै मन्त्रीले वा आफैंले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन ।

६. <u>मन्त्रीको जिम्मेवारीः</u> नियम ५ बमोजिम आफूलाई तोकिएको कार्यसम्पादन गर्ने वा गराउने जिम्मेवारी र कार्यसम्पादन भए नभएको विषयमा वहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ ।

७. <u>अनुसूचीमा हेरफेरः</u> प्रदेश मन्त्रिपरिषद्‌ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

८. <u>खारेजी र बचाउः</u> (१) प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ खारेज गरिएको छ ।

(२) उपनियम (१) बमोजिम खारेज भएको नियमावली बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची १

(नियम ३ सँग सम्बन्धित)

**प्रदेशमा रहने मन्त्रालयहरु**

| **क.सं.** | **मन्त्रालयको नाम** |
|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय |
| ३ | अर्थ मन्त्रालय |
| ४ | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ५ | खानेपानी तथा ऊर्जा विकास मन्त्रालय |
| ६ | सामाजिक विकास मन्त्रालय |
| ७ | उद्योग, पर्यटन तथा वन मन्त्रालय |
| ८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| ९ | कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय |
| १० | वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय |
| ११ | महिला, वालवालिका, युवा तथा खेलकुद मन्त्रालय |

अनुसूची २

(नियम ५ सँग सम्बन्धित)

## प्रदेशमा रहने मन्त्रालयहरुको कार्यजिम्मेवारी

| १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
|---|---|
| सि.नं. | कार्यजिम्मेवारीहरु |
| १ | प्रदेश सरकारको अल्पकालीन तथा दीर्घकालीन नीति एवं रणनीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन |
| २ | प्रदेश सरकारको कार्य–विभाजन र मन्त्रालयहरुको गठन, विघटन तथा संगठन संरचना स्वीकृति र हेरफेर |
| ३ | प्रदेश सरकारको कार्य–सम्पादन नियमावली तर्जुमा र कार्यान्वयन |
| ४ | प्रदेश अन्तर्गतका विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन |
| ५ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन |
| ६ | प्रदेश व्यवस्थापिकामा पेश हुने विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति तथा जारी |
| ७ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्तिसुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी लिने र सम्बोधन गर्न समयोचित कार्यक्रम संचालन |
| ८ | प्रदेश शासकीय सुधार, मानवअधिकारको संरक्षण र प्रवर्द्धन, सुशासन व्यवस्थापन, र भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्य |
| ९ | प्रदेशभित्र सामाजिक सुरक्षा तथा रोजगारी सम्बन्धी नीति, योजना, कार्यक्रम, मापदण्ड निर्धारण गर्ने र स्थानीय सरकारसंग |

| | |
|---|---|
| | समन्वय गरी कार्यान्वयन गर्ने |
| १० | संघीय संवैधानिक तथा अन्य आयोगका कार्यक्रमहरु संचालनमा सहजीकरण |
| ११ | संघीय सरकारको स्वीकृत नीति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन |
| १२ | प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन |
| १३ | स्थानीय तहको केन्द्र निर्धारण तथा व्यवस्थापन र विवाद समाधानमा समन्वय |
| १४ | अन्तरप्रदेश परिषद र अन्तरप्रदेश समन्वय |
| १५ | जिल्लासभाको संचालन, व्यवस्थापन र समन्वय |
| १६ | प्रदेशस्तरका संवैधानिक तथा अन्य आयोगहरुका पदाधिकारीहरुको नियुक्ति, सेवा, सुविधा सम्बन्धी नीति कानून तर्जुमा, गठन र संचालन सम्बन्धी कार्य |
| १७ | संघीय तथा स्थानीय स्तरका विशेष संरचनाहरु संगको समन्वय सम्बन्धी कार्य |
| १८ | अन्तरप्रदेश समन्वय समितिमा सहभागिता, निर्णय कार्यान्वयन सम्बन्धी काम |
| १९ | सार्वजनिक प्रशासन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, सुधार र नियमन |
| २० | प्रदेश निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालन सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्ड |
| २१ | प्रदेश निजामती सेवा र अन्य सरकारी सेवाका विभिन्न सेवा, समूह र उपसमूहको व्यवस्थापन |
| २२ | प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारी व्यवस्थापन सम्वन्धी प्रादेशिक नीति, कानून, सेवा शर्त एवं मापदण्ड, |

| | |
|---|---|
| | कार्यान्वयन र नियमन |
| २३ | प्रदेश निजामती र अन्य सरकारी सेवामा मानव संसाधन विकास र व्यवस्थापन |
| २४ | प्रदेशस्तरमा व्यवस्थापन परीक्षण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन |
| २५ | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण |
| २६ | प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारी कल्याण र अवकाश व्यवस्थापन |
| २७ | प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको क्षमता अभिवृद्धि र छात्रवृत्ति व्यवस्थापन |
| २८ | तालीम सम्वन्धी प्रादेशिक नीति, मापदण्ड र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय |
| २९ | प्रदेश निजामती तथा अन्य सरकारी कर्मचारीको अभिलेख व्यवस्थापन |
| ३० | संघीय लोकसेवा आयोग, प्रादेशिक लोक सेवा र अन्य सेवा आयोगसँग सम्पर्क र समन्वय |
| ३१ | प्रदेश निजामती तथा अन्य सरकारी सेवा सम्बन्धी अनुसन्धान र विकास |
| ३२ | प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण |
| ३३ | संघीय सरकारले तोकेको नीति र मापदण्ड बमोजिम प्रदेश निजामती र सरकारी सेवा संचालन र व्यवस्थापन |
| ३४ | संघीय कानून बमोजिम समायोजित निजामती सेवा र अन्य सरकारी सेवाका कर्मचारीहरुको व्यवस्थापन |

| | |
|---|---|
| ३५ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन |
| ३६ | प्रादेशिक अन्तर सरकारी सेवा समन्वय, अन्तरसम्बन्ध र साझेदारी सम्बन्धी नीति, मापदण्ड र कार्यान्वयन |
| ३७ | तथ्याङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ३८ | नेपाल स्टयाण्डर्ड वर्गीकरण तथा मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन |
| ३९ | प्रदेशतहको सर्वेक्षण |
| ४० | प्रदेशतहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन |
| ४१ | तथ्यांकसम्बन्धी संघ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य |
| ४२ | प्रादेशिक अभिलेख तथ्याङ्क व्यवस्थापन |
| ४३ | प्रादेशिक तथ्यांकीय अभिलेख संरक्षण तथा व्यवस्थापन |
| ४४ | प्रादेशिक मानव संसाधन विकास र क्षमता अभिवृद्धि |
| ४५ | अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेको विषय |
| **२. आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय** | |
| १ | प्रदेश प्रहरी सेवा सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन |
| २ | संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन |
| ३ | ब्यारेक र कार्यालयसहितको भौतिक पूर्वाधार, हातहतियार, गोली गठ्ठा, यातायात साधन, सञ्चार उपकरण तथा सामग्रीको आपूर्ति र व्यवस्थापन |
| ४ | प्रदेशभित्रको अपराध अनुसन्धान, रोकथाम तथा नियन्त्रण |

| | |
|---|---|
| ५ | प्रदेशभित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग |
| ६ | विपद् प्रतिकार्य सम्बन्धी कार्य |
| ७ | केन्द्रीय प्रहरी र अन्य प्रदेशका प्रहरी संगठनसंग सम्पर्क, सूचना आदान प्रदान र समन्वय |
| ८ | आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धनमा सहयोग |
| ९ | प्रदेश प्रहरीको क्षमता अभिवृद्धि |
| १० | प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन |
| ११ | सामुदायिक प्रहरी |
| १२ | प्रदेश प्रहरी कल्याण |
| १३ | प्रदेशभित्रको लोकमार्ग, सहायक मार्ग तथा स्थानीय तहका मार्गमा ट्राफिक व्यवस्थापन |
| १४ | प्रदेशको लागि शान्ति सुरक्षा र सार्वजनिक सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना, कार्यान्वयन र नियमन |
| १५ | शान्ति सुरक्षामा असर गर्न सक्ने खतरा, चुनौती र जोखिम सम्बन्धी सूचना संकलन, विश्लेषण, आदान-प्रदान र उपयोग प्रतिवेदन |
| १६ | प्रदेशभरको शान्ति सुरक्षाको समग्र स्थितिको लेखाजोखा, रेखदेख, नियन्त्रण, मूल्यांकन र आवश्यक सुरक्षा उपायहरू अवलम्बन तथा आवधिक प्रतिवेदन |
| १७ | प्रदेशभित्रको सार्वजनिक सुव्यवस्था र प्रदेशको काबु वाहिरको |

| | |
|---|---|
| | शान्ति सुव्यवस्था सम्वन्धमा संघसँग समन्वय र सहकार्य |
| १८ | अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल, उत्सव, मेला, समारोह आदिको सुरक्षा |
| १९ | विपद प्रभावित स्थल, व्यक्ति तथा सम्पत्तिको सुरक्षा |
| २० | प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको संचालन, सुपरिवेक्षण र समन्वय |
| २१ | प्रदेश र केन्द्रीय सुरक्षा निकायसंगको सम्बन्ध |
| २२ | स्थानीय प्रशासन सम्बन्धी |
| २३ | संघ, संस्था दर्ता, अभिलेखीकरण र नियमन |
| २४ | गुनासो र विवाद व्यवस्थापन |
| २५ | उमेर, नाम र जात सच्याउने सम्बन्धी |
| २६ | विपद् व्यवस्थापनमा समन्वय |
| २७ | अर्धन्यायिक कार्य |
| २८ | हातहतियार तथा खरखजना सम्बन्धी |
| २९ | संघीय मापदण्ड बमोजिम विस्फोटक पदार्थ भण्डारण तथा प्रयोग सम्बन्धी कार्य |
| ३० | प्रदेशभित्रको अपराध सम्बन्धी सूचना संकलन, विश्लेषण र उपयोग |
| ३१ | केन्द्रीय प्रहरीको कार्यक्षेत्र बाहेकको अपराधहरूको रोकथाम, अनुसन्धान र नियन्त्रण सम्बन्धी |
| ३२ | अपराध अनुसन्धानमा अन्य प्रदेश र संघलाई सहयोग तथा समन्वय |
| ३३ | अपराध सम्बन्धी प्रादेशिक अभिलेख ब्यवस्थापन |
| ३४ | अपराध पीडितको पुनस्थापन र अपराध तथा यातना पीडितको |

| | |
|---|---|
| | क्षतिपूर्ति |
| ३५ | प्रादेशिक कारागारको सुरक्षा व्यवस्था, भौतिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन, तथा हिरासत व्यवस्थापन |
| ३६ | एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा र कैदीको स्थानान्तरण सम्बन्धी व्यवस्थापन र सुरक्षा |
| ३७ | निवारक नजरबन्द र स्थानहद सम्बन्धी कार्य कार्यन्वयन |
| ३८ | प्रदेशको सार्वजनिक सुरक्षा व्यवस्थामा असर पुर्याउने खालका व्यक्ति, विचार र गतिविधिसम्बन्धी सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ३९ | राष्ट्रिय हित विरुद्धका सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ४० | विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, सम्प्रदाय र सम्प्रदाय वीचको पारस्परिक सदभाव, सहिष्णुता, एकतामा खलल पुरयाउने खालका गतिविधिहरुको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ४१ | प्रदेश भित्रको राजनीतिक गतिविधिको विश्लेषण र प्रतिवेदन |
| ४२ | अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ४३ | अन्तरप्रदेश सम्बन्धलाई धमिल्याउने गतिविधिको सूचना संकलन, विश्लेषण, उपयोग र प्रवाह |
| ४४ | मानव वेचविखन र लागू औषध कारोवार सम्बन्धी सूचना संकलन, विश्लेषण र प्रवाह |
| ४५ | प्राप्त सूचनाहरुको विश्लेषण सहितको प्रतिवेदन तयारी |
| ४६ | रेडियो, एफ्. एम्., टेलिभिजन संचालन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| ४७ | १०० वाटभन्दा माथि १००० वाटसम्मको एफ. एम. रेडियो |

| | |
|---|---|
| | इजाजत र नवीकरण |
| ४८ | प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन |
| ४९ | प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन |
| ५० | प्रदेशस्तरका सूचना प्रविधि पार्कको योजना, निर्माण, व्यवस्थापन र नियमन |
| ५१ | सूचना प्रविधिको प्रवर्द्धन |
| ५२ | प्रदेश भित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन |
| ५३ | प्रदेशस्तरका इन्टरनेट सेवाको दर्ता, अनुमति, नविकरण र नियमन |
| ५४ | साइवर सुरक्षा अनुगमन |
| ५५ | पत्रकार आचार संहिता अनुगमन |
| ५६ | छापा संचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण, अभिलेखाङ्कन, बर्गीकरण, सञ्चालन र नियमन |
| ५७ | अनलाइन मिडिया र अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र नियमन |
| ५८ | अनलाइन मिडिया र अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, नवीकरण, अभिलेख, अनुगमन र नियमन |
| ५९ | प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण |
| ६० | श्रमजीवि सञ्चारकर्मीहरुको न्यनतम पारिश्रमिक अनुगमन |
| ६१ | प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी |
| ६२ | केबुल वितरणको इजाजत, नवीकरण र नियमन |
| ६३ | सञ्चारको हकको प्रादेशिक संरक्षण र प्रवर्द्धन |

| | |
|---|---|
| ६४ | सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| ६५ | रेडियो, एफ्. एम्., टेलिभिजन संचालन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| ६६ | १०० वाटभन्दा माथि १००० वाटसम्मको एफ. एम. रेडियो इजाजत र नवीकरण |
| ६७ | प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन अनुमति, नवीकरण र नियमन |
| **३. अर्थ मन्त्रालय** | |
| १ | प्रदेशको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | आर्थिक साधनको बाँडफाँड |
| ३ | प्रदेश आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा कार्यान्वयन र नियमन |
| ४ | संघको स्वीकृतिमा वैदेशिक अनुदान र सहयोग प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन |
| ५ | प्रदेश सेवा सुविधा र दीर्घकालीन आर्थिक दायित्व सम्वन्धी विषय |
| ६ | प्रदेश सरकारी सम्पत्तिको एकीकृत विवरण |
| ७ | प्रदेश सरकारी बाँकी रकमको लगत र असुल उपर |
| ८ | प्रदेश विकास नीति, प्रदेशस्तरका अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा र अनुगमन तथा मूल्यांकन |
| ९ | प्रदेश प्राथमिकता प्राप्त क्षेत्र तथा लक्ष निर्धारण |

| | |
|---|---|
| १० | प्रदेशगत मानव संशाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा |
| ११ | अन्तरक्षेत्रगत केन्द्रीय विकास आयोजनाहरूमा समन्वय र सशर्त अनुदानको सदुपयोग |
| १२ | अध्ययन अनुसन्धान |
| १३ | सन्तुलित विकासका लागि क्षेत्रगत नीति ररणनीति तर्जुमा |
| १४ | गरीवी निवारणको रणनीति तर्जुमा |
| १५ | विषयक्षेत्रगत योजना स्वीकृति |
| १६ | कुल प्रदेश लगानी प्रक्षेपण (सरकारी, सहकारी र निजी) र वित्तीय व्यवस्थापन |
| १७ | वार्षिक विकास कार्यक्रम, स्वीकृति, कार्यान्वयन र नियमन |
| १८ | प्रदेशस्तरमा अनुगमन तथा मूल्यांकनको आधार, प्रक्रिया निर्धारण, क्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन; विकास आयोजना कार्यान्वयन, अनुगमन र प्रतिफलको समीक्षा |
| १९ | वित्तीय संस्थाहरुको संचालन र सहजीकरण |
| २० | प्रदेश राजश्व सम्बन्धी नीति, कानुन तर्जुमा कार्यान्वयन र नियमन |
| २१ | प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीति तर्जुमा कार्यान्वयन, नियमन र स्थानीय तहमा अनुदान |
| २२ | प्रदेश आन्तरिक र वैदेशिक ऋण तथा अनुदानको व्यवस्थापन र नियमन |
| २३ | संघीय नीति अनुरुप सहवित्तीयकरण |
| २४ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना र सेवा शुल्क दस्तुर दण्ड जरीवाना तथा प्राकृतिक |

| | |
|---|---|
| | स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शूल्क (अनुसूची ९ को ६ र १४ समेत बाट |
| २५ | घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन, संकलन र बाडफाँड |
| २६ | प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी र पर्यटन शुल्क सम्बन्धमा संघीय कानुन र प्रदेश कानुन अनुसार संकलन नियमन र हस्तान्तरण |
| २७ | राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २८ | संघसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध, सहकार्य र वित्तीय व्यवस्था |
| २९ | प्रदेश आर्थिक कार्यविधि सम्वन्धी नीति तथा कानून निर्माण, कार्यान्वयन र नियमन |
| ३० | बजेट सीमा निर्धारण, तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन |
| ३१ | लेखा नियन्त्रण तथा व्यवस्थापन |
| ३२ | प्रदेश संचित कोषको संचालन र व्यवस्थापन |
| ३३ | प्रदेश राजस्व र व्ययको अनुमान |
| ३४ | प्रदेश विनियोजन ऐन (स्थानीय तहलाइ उपलब्ध गराउने स्रोत समेत) |
| ३५ | प्रदेश पुरक अनुमान |
| ३६ | प्रदेश पेश्की खर्च |
| ३७ | प्रदेश आकष्मिक कोष |

| | |
|---|---|
| ३८ | प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन |
| ३९ | प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य संचालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण |
| **४. भौतिक पूर्वाधार विकास मन्त्रालय** | |
| १ | प्रदेश लोकमार्ग प्रणाली सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २ | प्रदेश लोकमार्ग प्रणालीका सडक तथा पुलको मापदण्ड तथा आधार निर्धारण |
| ३ | प्रदेश लोकमार्गको गुरुयोजना, निर्माण/ स्तरोन्नति, कार्यान्वयन र नियमन |
| ४ | प्रदेश लोकमार्गको मर्मत सम्भार र व्यवस्थापन |
| ५ | प्रदेश लोकमार्ग सम्वन्धी तथ्याङ्क व्यवस्थापन |
| ६ | प्रदेश लोकमार्गको यातायात सुरक्षा व्यवस्था र नियमन |
| ७ | प्रदेश लोकमार्ग संभार कोष ब्यवस्थापन |
| ८ | सडक प्रविधि र संस्थागत विकास सम्बन्धी प्रदेश स्तरीय अध्ययन र अनुसन्धान |
| ९ | सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १० | प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसंभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन |
| ११ | प्रदेश सरकारी कार्यालयहरुको निर्माण संयोजन र समन्वय |
| १२ | प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन |

| | |
|---|---|
| १३ | प्रादेशिक तहमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन |
| १४ | कर्मचारी आवास, अस्पताल र विद्यालय निर्माण |
| १५ | लोपन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड, योजना र कार्यान्वयन |
| १६ | प्रादेशिक राजधानी र अन्तर स्थानीय सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण |
| १७ | यातायात सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १८ | सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण |
| १९ | प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, गुणस्तर, भाडा दर निर्धारण र नियमन |
| २० | वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम संवेदी, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रवर्द्धन |
| २१ | प्रदेश तहमा यातायात सुरक्षा सम्बन्धी योजना र कार्यान्वयन |
| २२ | रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, योजना र आयोजना कार्यान्वयन |
| २३ | आन्तरिक जलमार्ग सम्वन्धी संभाव्यता अध्ययन, सञ्चालन र ब्यवस्थापन |
| २४ | ठूला सिंचाइ प्रणाली र संघबाट निर्मित जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाको संचालन, संभार र व्यवस्थापन तथा संघ सँग समन्वय |
| २५ | प्रादेशिक नदी नियन्त्रण तथा व्यबस्थापन |
| **५. खानेपानी तथा ऊर्जा विकास मन्त्रालय** | |

| | |
|---|---|
| १ | विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| | राष्ट्रिय जलस्रोत नीति, संघीय कानुन, वेसिन योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजना पहिचान, अध्ययन, निर्माण, संचालन, व्यवस्थापन र नियमन |
| २ | प्रदेश स्तरको विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सम्बन्धी योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, संचालन, संभार र व्यवस्थापन |
| ३ | विद्युत वितरण र सेवाको गुणस्तर नियमन |
| ४ | वैकल्पिक उर्जा सम्बन्धी नीति, नियम, कानून तथा मापदण्ड निर्धारण |
| ५ | सोलार उर्जा तथा बायोग्यास लगायतका अन्य वैकल्पिक उर्जाको उत्पादन अनुमति, नविकरण |
| ६ | प्रदेशस्तरमा विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी सेवाको शुल्क दस्तुरको आधार निर्धारण |
| ७ | प्रदेशका जलस्रोत उपयोग सम्बन्धी अन्तर सेवा संचालनमा समन्वय |
| ८ | विद्युत, खानेपानी तथा सरसफाइको सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति र मापदण्ड र नियमन |
| ९ | खानेपानी, सर-सफाइ तथा स्वच्छता सम्वन्धी पिछ्डिएका वर्गको पहुँच सुनिश्चितता |
| १० | विद्युतीय यातायातको मापदण्ड निर्धारण तथा सञ्चालन अनुमति एवं नविकरण |
| ११ | प्रदेशभित्रको जल उपयोग केन्द्रीय गुरुयोजना भित्र रहने गरी विद्युत, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी र सिंचाई |

| | |
|---|---|
| | सम्बन्धि योजना, गुरु योजना तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मुल्याङकन |
| १२ | प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन र अनुगमन |
| **६. सामाजिक विकास मन्त्रालय** | |
| १ | प्रदेशस्तरको उच्च शिक्षा सम्वन्धी नीति, कानुन, प्रशासन, मापदण्ड र नियमन |
| २ | प्रदेश विश्वविद्यालय सम्वन्धी नीति, कानुन, मापदण्ड, प्रशासन र नियमन |
| ३ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ४ | प्रदेशस्तरमा पुस्तकालय सम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| ५ | प्रदेशस्तरमा संग्रहालय सम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| ६ | शिक्षाको प्रादेशिक नीति, कानुन, मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| ७ | प्रादेशिक मानव संसाधन आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ८ | प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवं पाठ्यपुस्तक निर्माण र उत्पादन |
| ९ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्य सामग्री निर्माण, कार्यान्वयन र नियमन |
| १० | विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताको |

| | |
|---|---|
| | प्रदेशस्तरमा मापदण्ड निर्धारण एवं नियमन |
| ११ | माध्यमिक तहको शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| १२ | माध्यमिक तहको कक्षा १० को परीक्षा व्यवस्थापन |
| १३ | उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन |
| १४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्वन्धी प्रादेशिक नीति, मापदण्ड र नियमन |
| १५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्ति व्यवस्थापन |
| १६ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| १७ | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १८ | प्रादेशिक स्तरका भाषा, लिपि संस्कृति, ललितकला र धार्मिक लगायतका सम्पदाको संरक्षण, सम्वर्द्धन, खोज, अनुसन्धान तथा व्यवस्थापन |
| १९ | ऐतिहासिक, धार्मिक साँस्कृतिक एवं कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| २० | प्रादेशिक स्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| २१ | प्रादेशिक महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन |
| २२ | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक सांस्कृतिक |

| | |
|---|---|
| | सम्पदा सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २३ | प्रदेशस्तरका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन, पुनर्निर्माण |
| २४ | पुरातत्व, सास्कृतिक धरोहर, धर्म र परम्परा सम्वन्धी संघसंस्था र अन्तरप्रदेश सम्पर्क, सहयोग र समन्वय |
| २५ | स्वास्थ्यसेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, गुणस्तर मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २६ | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको व्यवस्थापन |
| २७ | स्वास्थ्यसेवा सम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| २८ | प्रदेश स्तरीय उपचार केन्द्र तथा सेवाको गुणस्तर निर्धारण, दर्ता, सञ्चालन अनुमति, व्यवस्थापन र नियमन |
| २९ | राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सामग्री उत्पादन, संचय, अधिकतम खुद्रा मूल्य, अन्तिम बिसर्जन सम्बन्धी गुणस्तर मापदण्ड, दर्ता, सञ्चालन अनुमति, र नियमन |
| ३० | निकायगत सहकार्य तथा समन्वय |
| ३१ | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल र नर्सिङ्ग होम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको दर्ता, सञ्चालन अनुमति र नियमन |
| ३२ | खानेपानी, खाद्य पदार्थ, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखा ढाँचा एवं गुणस्तरको मापदण्ड र कार्यान्वयन |
| ३३ | प्रादेशिक कार्यक्रमहरुको कार्यान्वयन, निगरानी तथा अनुगमन |

| | |
|---|---|
| ३४ | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| ३५ | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्र मानवस्रोत विकास र व्यवस्थापन |
| ३६ | औषधी निगरानी (Pharmacovigilance), औषधिको उचित प्रयोग र सुक्ष्मजीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण |
| ३७ | खोप र परिवार नियोजन लगायतका गुणस्तर संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन |
| ३८ | प्रदेशस्तरमा अनुसन्धानका प्राथमिकता निर्धारण, अध्ययन तथा अनुसन्धान तथा सूचना प्रवाह |
| ३९ | प्रदेशस्तरमा स्वास्थ्य सूचना प्रणाली तथा स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन |
| ४० | प्रदेश स्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| ४१ | आर्युवेद र अन्य प्रचलित स्वास्थ्य सेवा सम्वन्धी प्रदेशस्तरीय मापदण्ड र व्यवस्थापन |
| ४२ | सूर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन |
| ४३ | निदान केन्द्र तथा प्रयोगशाला सेवाको अनुमति, सञ्चालन र विस्तार |
| ४४ | जनस्वास्थ्य आपत्कालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन |
| ४५ | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| ४६ | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार |

| | |
|---|---|
| | विकास तथा व्यवस्थापन |
| ४७ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन |
| ४८ | आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| ४९ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन |
| ५० | आकस्मिक स्वास्थ्य सेवा प्रवाह |
| ५१ | प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसँग समन्वय |
| ५२ | श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| **७. उद्योग, पर्यटन तथा वन मन्त्रालय** | |
| १ | कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २ | औद्योगिक व्यवसाय प्रवर्धन र नियमन |
| ३ | उद्योगदर्ता, अनुमति,नवीकरण, खारेजी एवं नियमन |
| ४ | प्रदेशस्तरको औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना र विस्तार |
| ५ | औद्योगिक भौतिक पूर्वाधार विकास सम्वन्धी योजना र कार्यान्वयन |
| ६ | औद्योगिक विकास र प्रवर्द्धन |

| | |
|---|---|
| ७ | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| ८ | प्रादेशिक सार्वजनिक संस्था/संस्थानको विकास, औद्योगिक विकास र प्रवर्द्धन प्रवर्द्धन र नियमन |
| ९ | प्रादेशीक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास र नियमन |
| १० | पर्यटक प्रहरी तथा पर्यटकीय मेलाहरुको व्यवस्थापन |
| ११ | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल ऐजेन्सि, धार्मिक तथा साँस्कृतक पर्यटकीय क्षेत्रहरुको दर्ता, अनुमति, नवीकरण र नियमण |
| १२ | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड, योजना र नियमन |
| १३ | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| १४ | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |
| १५ | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |
| १६ | जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरणसम्बन्धी नीति, कानून र नियमन |
| १७ | जडिबुटीजन्य विरुवाहरुको Pharmacological अध्ययन तथा जडिबुटीजन्य उत्पादनहरुको Microbial Activity तथा PRA Database सम्बन्धी अध्ययन अनुसन्धान |
| १८ | वन वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह |
| १९ | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग |
| २० | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र |

| | |
|---|---|
| | वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन |
| २१ | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी नीति, प्रविधि विकास र व्यवस्थापन |
| २२ | वातावरणीय सुचना प्रणालीको स्थापना |
| २३ | प्रदेश स्तरमा वातावरणीय जोखिमका लागि तैयारी र उद्धार |
| २४ | प्रदेश स्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन |
| **८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | |
| १ | भूमि तथा भू उपयोग सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| ३ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| ४ | जग्गादर्ता, रजिष्ट्रेशन, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति र मापदण्ड निर्धारण |
| ५ | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख व्यवस्थापन |
| ६ | नापनक्शाका नियन्त्रण विन्दुहरुको संजाल स्थापना |
| ७ | प्रदेश भित्रको नापनक्शा र अभिलेख |
| ८ | क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्वन्धी मापदण्ड र कार्यान्वयन |
| ९ | भूउपयोग, भूमिसुधार र चक्लाबन्दी सम्बन्धी |

| | |
|---|---|
| १० | भूमिहिन दलित, भूमिहिन, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ११ | उपयोग नभएको वा कम उपयोग भएका जग्गा भाडामा दिने सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १२ | विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका एवं वन, सिमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत |
| १३ | सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण एवं वितरणमा समन्वय र सहजीकरण |
| १४ | जग्गा विवाद समाधान |
| १५ | जग्गाधनी प्रमाण पुर्जा वितरण सम्वन्धी मापदण्ड निर्धारण |
| १६ | भूमिको दोहोरो स्वामित्व अन्त्य गर्ने नीतिको कार्यान्वयन |
| १७ | जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन |
| १८ | खानी तथा खनीजपदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| १९ | संघको कार्यक्षेत्र भित्रका र साधरण निर्माणमुखी खानी तथा खनिज बाहेकका खानी तथा खनीजपदार्थ सम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन र व्यवस्थापन |
| २० | संघको कार्यक्षेत्र भित्रका र साधरण निर्माणमुखी खानी तथा खनिज बाहेकका खानी तथा खनीजपदार्थ सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| २१ | खानी तथा खनीजजन्य बस्तुहरूको लगत संकलन तथा अभिलेखाङ्कन |
| २२ | भौगर्भिक अध्ययन तथाअनुसन्धान र नक्सासम्बन्धी |
| २३ | खानी तथा खनिज अनुसन्धान एवं उत्खनन् सम्वन्धी प्रादेशिक |

| | |
|---|---|
| | प्रयोगशाला, स्थापना र सञ्चालन |
| २४ | उद्योग तथा खनिज सम्बन्धि भौतिक पूर्वाधार विकासको योजना कार्यान्वयन |
| २५ | सहकारी संस्था सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| २६ | प्रादेशिक सहकारी संस्था, सहकारी संघ, सहकारी बैंक सम्वन्धी अनुमति, सञ्चालन र नियमन |
| २७ | सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड र नियमन |
| २८ | सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तरप्रादेशिक संघसंस्थासँग समन्वय र सहकार्य |
| २९ | सहकारी सम्बन्धी प्रादेशिक एवं स्थानीय तह भित्रका संघसंस्थासँग समन्वय र सहकार्य |
| ३० | सहकारी सम्वन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| ३१ | सहकारी सम्वन्धी क्षमता अभिवृद्धि |
| ३२ | सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन |
| ३३ | कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ३४ | कृषि तथा पशुपंछीजन्य रोग किरा एवं महामारी नियन्त्रण |
| ३५ | कृषि औद्योगिकीकरण, पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन |
| ३६ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ३७ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, |

| | |
|---|---|
| | नवीकरण, खारेजी र नियमन |
| ३८ | कृषि तथा पशु रोगको निदान प्रयोगशाला व्यवस्थापन रनियमन |
| ३९ | कृषि उपज, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको गुणस्तर निर्धारण र नियमन |
| ४० | कृषिजन्य वस्तु, सेवा र प्रविधिको सम्बद्धता, स्तरीयकरण, गुणस्तर निर्धारण र प्रमाणीकरण |
| ४१ | बीउ विजन एवं नश्ल सम्वन्धी गुणस्तर निर्धारण र नियमन |
| ४२ | चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति, कानुन र नियमन |
| ४३ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता |
| ४४ | कृषि सम्वन्धी प्रादेशिक तथ्याङ्क प्रणाली, अध्ययन, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार तथा सामूहिक खेती प्रणाली |
| ४५ | कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधि सम्वन्धी अध्ययन, अनुसन्धान विकास र प्रवर्द्धन |
| ४६ | कृषिमल, बिऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन |
| ४७ | कृषि, पशुपन्छी तथा खाद्य सम्वन्धी प्रादेशिक प्रयोगशाला विकास र व्यवस्थापन |
| ४८ | कृषिप्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण |
| ४९ | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| ५० | कृषि र पशुपन्छी बीमा सम्वन्धी योजना र कार्यान्वयन |
| ५१ | कृषि बजार र पूर्वाधार विकास र सञ्चालन |
| ५२ | कृषिफार्म केन्द्रहरुको विकास र व्यवस्थापन |
| ५३ | गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| ५४ | सार्वजनिक गुठी अन्तर्गत रहेका जग्गा जमिन र सम्पत्तिको |

| | |
|---|---|
| | संरक्षण र अभिलेख व्यवस्थापन |
| ५५ | गुठी जग्गा र गुठी व्यवस्थापनका सन्दर्भमा संघीय सरकार, प्रदेश र स्थानीय तहसँग सहयोग एवं समन्वय |
| ५६ | परम्परागरत रुपमा गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| **९. वाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय** | |
| १ | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| २ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा आपुर्ति सम्बन्धि नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन एवं नियमन |
| ३ | मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन |
| ४ | संघीय मापदण्ड अनुसार स्टेन्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| ५ | उपभोक्ता अदालत गठन र सञ्चालन |
| ६ | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ति सम्बन्धी सुचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति व्यवस्थापन, मौज्दातको व्यवस्था र आपुर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |
| ७ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| ८ | प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| ९ | प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन |
| १० | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र |

| | |
|---|---|
| | व्यवस्थापन |
| ११ | प्रदेशस्तरमा जैविक विविधताको यथास्थान र परस्थान संरक्षण एवम् लाभांश बाँडफाँड |
| १२ | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन |
| १३ | प्रदेशभित्र भूस्खलन नियन्त्रण |
| १४ | वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार र उन्नयन र विकास |
| १५ | विज्ञान सङ्ग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन |
| १६ | मौसम र जलमापन सञ्जाल व्यवस्थापन |
| १७ | Weather TV Studio व्यवस्थापन |
| १८ | जलगुण तथा वायूगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन |
| १९ | जैविक प्रविधिको अध्ययन, अनुसन्धान, विकास र नियमन |
| २० | व्यापार/बाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन |
| २१ | प्रादेशिक व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन |
| २२ | प्रदेशभित्रको व्यापार पूर्वाधार निर्माण, सञ्चालन, सहयोग, सहजीकरण, समन्वय र नियमन |
| २३ | ढुवानी/परिवहनप्रणाली तथा कार्गो व्यवस्थापन |
| २४ | व्यापारसम्वन्धी सिन्डिकेट, कार्टेलिङ्ग नियन्त्रण र प्रतिस्पर्धा सम्बन्धी नीति तथा कानून, मापदण्ड, कार्यान्वयन र नियमन |
| २५ | वस्तु, सेवा र बौद्धिक सम्पत्ति सम्वन्धीव्यापार |
| २६ | व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन |

| | |
|---|---|
| २७ | प्रदेशगत सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन सुधार तथा नियमन |
| २८ | निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य |
| २९ | प्रादेशिक व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान |
| **१०. कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय** | |
| १ | प्रदेश विधेयक, अध्यादेश, नियम, आदेश तथा प्रदेश सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति |
| २ | प्रदेश सभामा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको राजपत्रमा प्रकाशन |
| ३ | सरकारी तथा गैरसरकारी विधेयक |
| ४ | सार्वजनिक लिखत प्रमाणिकरण |
| ५ | प्रदेश न्याय सेवा आयोग |
| ६ | कानूनी राय तथा परामर्श |
| ७ | प्रदेश राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन |
| ८ | पारस्परिक कानूनी सहायता |
| ९ | सरकारी आश्वाशन तथा सङ्कल्प प्रस्ताव |
| १० | प्रदेश कानूनको प्रकाशन तथा वितरण |
| ११ | स्थानीय तहको कानूनको मस्यौदा तर्जुमामा सहजीकरण |
| १२ | मानव अधिकार र मानवीय कानून |
| १३ | न्यायमा पहुँच र निःशुल्क कानूनी सहायता |
| १४ | प्रदेश सरकारलाई आवश्यक पर्ने कानून तथा कानून लिखतको अनुवाद |

| | |
|---|---|
| १५ | प्रदेश कानूनको एकीकरण र सहिंताकरण |
| १६ | प्रदेश सभा कार्यसञ्चालन तथा सम्पर्क |
| **११. महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय** | |
| १ | महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान |
| ३ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिक र महिला सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| ४ | बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रबन्ध र सेवा प्रवाह, बाल उध्दार कोष व्यवस्थापन र बाल सुधार तथा पुनस्थार्पना |
| ५ | समाज कल्याण र संघसंस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मुल्याङ्कन |
| ६ | युवासम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |
| ७ | खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, खेलकुद तथा खेलकुद पुर्वाधारको विकास र प्रवर्द्धन । |
| ८ | खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन |
| ९ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम |

| | |
|---|---|
| | आयोजना र सहभागिता |
| १० | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |

स्विकृत मितिः-२०७८।०२।२६

आज्ञाले,
टीकाराम पाण्डे
सचिव (कानून)